प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७/०२/२० मा स्वीकृत

# लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था र परिचालन कार्यविधि, २०७७

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को अधिकार प्रयोग गरी प्रदेश नं. ५ को प्रदेश सरकारले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था र परिचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालयहरु, प्रदेशभित्रका विभिन्न आयोगहरु, प्रदेश मातहतका निर्देशनालय, आपूर्ति केन्द्र, प्रयोगशाला, डिभिजन कार्यालय, जिल्लास्तरका कार्यालय तथा प्रदेश मातहतका सबै सरकारी निकायलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "लैंङ्गिक सम्पर्क निकाय" भन्नाले प्रदेशस्तरमा मन्त्रालय र जिल्ला स्तरमा सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "लैंङ्गिक सम्पर्क व्यक्ति" भन्नाले सम्बन्धित निकायबाट लैङ्गिक सवालको क्षेत्र हेर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ६ बमोजिमको सहजीकरण समिति सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) प्रदेश सरकार मातहतका सम्पूर्ण कार्यालयहरुमा लैङ्गिक सम्पर्क व्यक्ति तोकि क्षेत्रगत कार्यशर्त अनुसार परिचालन गर्ने,

(ख) लैङ्गिक मूलप्रवाहीकरणका माध्यमबाट सशक्तीकरण गरी प्रदेशका नीति, कानून, योजना तथा कार्यक्रमहरु लैङ्गिक संवेदनशील बनाउँदै समानता उन्मूख प्रदेश निर्माणमा योगदान पुर्याउने ।

४. **लैङ्गिक सम्पर्क व्यक्ति तोक्नुपर्ने:** (१) प्रदेश सरकार अन्तर्गतका सम्पूर्ण कार्यालयहरुले आफ्नो कार्यालय/ निकायमा कार्यरत एकजना कर्मचारीलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्नुपर्नेछ र यसरी लैङ्गिक सम्पर्क व्यक्ति तोक्दा मन्त्रालयस्तरमा कम्तीमा अधिकृतस्तर नवौं वा सो सरहका र अन्य कार्यालयमा अधिकृतस्तरको कर्मचारी तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको व्यक्तिले दफा ५ मा निर्धारण भएका क्षेत्रगत कार्यशर्तहरुको कार्यान्वयन गर्नु पर्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिम तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिहरुको एक प्रदेशस्तरीय सञ्जाल गठन गर्नेछ र मन्त्रालयको लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा



गोपीकृष्ण खनाल

प्रमुखले दफा ८ बमोजिम प्रदेशस्तरमा सञ्जालको बैठक राख्ने, अन्तर निकायस्तरीय समन्वय गर्ने र तथ्याङ्क अद्यावधिक गर्ने लगायतका कार्य गर्नेछ ।

५. <u>लैङ्गिक सम्पर्क व्यक्तिको क्षेत्रगत कार्यशर्त:</u> लैङ्गिक सम्पर्क व्यक्तिको क्षेत्रगत कार्यशर्तहरु देहायबमोजिम हुनेछन:-

(क) आफ्नो मन्त्रालय/निकायसँग सम्बन्धित नीति, योजना, ऐन, नियम तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक मैत्री बनाउन सहयोग गर्ने ।

(ख) लैङ्गिक उत्तरदायी बजेटको लागि पहल गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(ग) लैङ्गिक अध्ययन विश्लेषण तथा लैङ्गिक परीक्षण (Gender Audit) गर्ने, गराउने ।

(घ) आफ्नो क्षेत्र, विषयसँग सम्बन्धित लैङ्गिक खण्डीकृत तथ्यांक अध्यावधिक गर्ने, गराउने।

(ङ) लैङ्गिक अवस्था तथा आवश्यकताको पहिचान गर्ने ।

(च) आफू कार्यरत वा मातहतका कार्यालय निकायमा लैङ्गिकमैत्री कार्य वातावरणका लागि पहल तथा पैरवी गर्ने ।

(छ) आफू कार्यरत तथा अन्तर्गत निकायको बजेट तथा कार्यक्रम र उपलब्धी लैङ्गिक दृष्टिकोणवाट प्रभावकारी भए नभएको अनुगमन गर्ने ।

(ज) आफू कार्यरत रहेको कार्यालय वा मातहत कार्यालयमा लैङ्गिक हिंसाको शून्य सहनशीलता अवलम्बन गर्ने र यसका लागि लैंङ्गिक हिंसा विरुद्धको आचार संहिता बनाई कार्यान्वयन गर्न पहल गर्ने र सो को अनुगमन गर्ने ।

(झ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र लैंङ्गिक हिंसाको निवारणका लागि पहल गर्ने ।

(ञ) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनगर्ने महासन्धि,१९७९ लगायत मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिको आफू कार्यरत निकायसँग सम्बन्धित विषयहरु कार्यान्वयनका लागि बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने र सो को विवरण अद्यावधिक गर्ने।

(ट) लैङ्गिक समानता तथा महिला सशक्तीकरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय क्षेत्रमा भएका वा हुने गतिविधि तथा तीसँग सम्बन्धित अध्ययन प्रतिवेदन अनुसन्धानमूलक लेख खोजी गरी अद्यावधिक गर्ने ।

(ठ) लैङ्गिक न्यायका लागि लैङ्गिक दृष्टिकोणले कर्मचारीको गुनासा सुन्ने र त्यसको सम्बोधन गर्ने वातावरण बनाउने ।

(ड) आफ्नो कार्यालयमा प्राप्त अवसरहरुमा समानता कायम गर्नका लागि सकारात्मक नीति अवलम्वन गर्न पहल गर्ने ।

(ढ) लैङ्गिक विषयसँग सम्बन्धित बैठक सेमिनार तथा छलफलमा सहभागी भई अनुभवहरु आदानप्रदान गर्ने र असल अभ्यासहरुलाई आफ्नो संस्थामा आन्तरिकीकरण गर्ने।

गोपीकृष्ण खनाल
सचिव

(ण) मन्त्रालयले आयोजना गरेको बैठकमा आफू कार्यरत निकायमा लैङ्गिक दृष्टिकोणवाट भएका कार्यहरुको प्रगति प्रस्तुत गर्ने।

(त) आफ्नो कार्यालय र मातहतका निकायमा रहेका समस्या र चुनौतीहरु समाधानका लागि पहल गर्ने ।

(थ) राष्ट्रिय तथा प्रदेशस्तरका लैङ्गिक सरोकारका विषयगत कानून र सोको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।

(द) महिला तथा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(ध) आफ्नो पहलमा भए गरेका कामहरुको प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने।

६. <u>सहजीकरण समितिः</u> दफा ५ बमोजिम लैंङ्गिक सम्पर्क व्यक्तिको क्षेत्रगत कार्यशर्तको प्रभावकारी कार्यान्वयमा सहजीकरणका लागि प्रदेशस्तरमा देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछ।

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रदेशस्तरका सबै मन्त्रालय,प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोगका योजना महाशाखा प्रमुख वा सो सरहको प्रतिनिधि १/१ जना - सदस्य

(ग) सामाजिक विकास महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

७. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) लैंङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहार सम्बन्धी समस्याका विषयमा अन्तर मन्त्रालयगत समन्वयकालागि पहल गर्ने ।

(ख) लैंङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहार सम्बन्धी समस्याका विषयमा माथिल्लो निकायबाट सम्बोधनका लागि पहल गर्ने ।

(ग) लैंङ्गिक विषयहरुलाई कानूनमा सम्बोधनका लागि सहजीकरण गर्ने ।

(घ) लैंङ्गिक सम्पर्क व्यक्तिले पेश गरेका प्रतिवेदनले औंल्याएका समस्याका विषयमा निकास निकाल्न पहल गर्ने ।

(ङ) लैंङ्गिकमैत्री बजेटको समीक्षा तथा पृष्ठपोषण प्रदान गर्ने ।

(च) लैंङ्गिक सम्पर्क व्यक्तिलाई क्षेत्रगत कार्यशर्त बमोजिम काम गर्न नवीनतम र समसामयिक विषयमा क्षमता विकासका लागि अभिमूखीकरण तथा निर्देशन दिने ।

(छ) यस कार्यविधि बमोजिम लैंङ्गिक सम्पर्क व्यक्तिबाट भए गरेका कामहरुको अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्ने ।

८. <u>मन्त्रालयको काम, कर्तव्य र अधिकार:</u> (१) लैंङ्गिक मूलप्रवाहीकरणका माध्यमबाट सशक्तीकरण गरी प्रदेशका नीति, कानून, योजना तथा कार्यक्रमहरु जिम्मेबार र लैंङ्गिक संवेदनशील बनाउँदै

गोपीकृष्ण खनाल

समानता उन्मूख प्रदेश निर्माणमा योगदानका लागि लैङ्गिक सम्पर्क व्यक्तिहरुको क्षमता विकासका कार्यक्रमहरु मन्त्रालयले आफ्नो वार्षिक कार्यक्रम मार्फत सञ्चालन गर्ने ।

(२) प्रदेशका मन्त्रालय, आयोग र मातहतका सवै निकायहरुमा सम्बन्धित निकायहरुबाटै लैङ्गिक सम्पर्क व्यक्तिहरु तोक्न पत्राचार गर्ने ।

(३) तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिहरुको विवरण मन्त्रालयको सामाजिक विकास महाशाखालाई तयार गरी रेकर्ड अद्यावधिक गरी राख्न लगाउने ।

(४) आवश्यकतानुसार प्रदेशका मन्त्रालय,आयोग र मातहतका निकायहरुका लैंङ्गिक सम्पर्क व्यक्तिहरुसँग उनीहरुको क्षेत्रगत कार्यशर्त अनुसार भएगरेका प्रगतिहरुको समीक्षा तथा अन्तर्क्रिया गर्ने ।

(५) प्रदेश सरकारका नीति, कार्यक्रम तथा लैंङ्गिक बजेट निर्माणमा लैंङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको विषयलाई प्राथमिकताका साथ समावेश गर्न पहल गर्ने र आवश्यक्तानुसार सरोकारवाला निकायलाई सहयोग प्रदान गर्ने।

९. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यविधि बमोजिमको कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ ।

१०. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

गोपीकृष्ण खनाल
सचिव